ARUN VALLEY
HYDROPOWER DEVELOPMENT CO. LTD
PRIVATE SECTOR INITIATIVE FOR HYDROPOWER PROJECT DEVELOPMENT
ESTD. 1997 A.D.

# अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड

**रजिष्टर्ड कार्यालय**
दोस्रो तल्ला, ट्रेड टावर नेपाल, का.म.न.पा., वडा नं. ११ थापाथली, काठमाण्डौ, फोन नं. ०१-५१११०८६
इमेलः arunvalley2054@gmail.com वेबसाईटः www.arunhydro.com.np

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०८१/०१/१०**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०१/२४**

अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको १ : १ को अनुपातमा हकप्रद शेयरहरु बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्न निष्काशनकर्ता कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८१ साल बैशाख २४ गते भित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः १९,९२,१३४ कित्ता साधारण शेयर**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, प्रधान कार्यालयः नारायणचौर, नक्साल, काठमाण्डौ । |
| २. | मुक्तिनाथ विकास बैंक लिमिटेड, शाखा कार्यालयहरुः ठिमी-भक्तपुर, कुमारीपाटी-ललितपुर, विर्तामोड, विराटनगर, धरान, वीरगंज, जनकपुर, हेटौडा, नारायणगढ, चिप्लेढुङ्गा-पोखरा, बाग्लुङ्ग, बुटवल, घोराही-दाङ, नेपालगंज, सुर्खेत, धनगढी र महेन्द्रनगर । |

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमक निकायले एउटा व्यक्ति वा संस्था/कम्पनीले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलव (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी बोलपत्र पेश गर्दा खाम बाहिर "**अरुण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको साधारण शेयर खरिद आवेदन**" र बोलपत्रदाताको नाम समेत उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम मुक्तिनाथ क्यापिटल लिमिटेडको नाममा मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौमा रहेको खाता नं. **०३५१०२००४०६५३२०००१७** मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा **"MUKTINATH CAPITAL LIMITED AUCTION"** उल्लेख गरी जारी गरिएको **Good for Payment Cheque** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
७. बोलपत्रदाताहरुले IPS मार्फत समेत रकम जम्मा गरी बोलपत्र पेश गर्न सकिनेछ । यसरी IPS मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताहरुले यस कम्पनीको नाममा मुक्तिनाथ विकास बैंक लिमिटेड, कमलादी काठमाडौंमा रहेको खाता नं. **०३५१०२००४०६५३२०००१७ (A/c. Name -"MUKTINATH CAPITAL LIMITED AUCTION")** मा IPS मार्फत रकम जम्मा गरी सो को प्रमाण पुस्टि गर्ने कागजात (IPS भौचर) संलग्न गरि शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
८. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी प्रति शेयर मूल्य कबोल गर्नेलाई बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बाँडफाँड गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहनेछ ।
९. बोलपत्रवालाले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. (Demat Account no.) र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१०. सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा बोलपत्रहरु संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।
११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्था/कम्पनीको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।
१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।
१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौको वेभसाइटः www.muktinathcapital.com मा हेर्न सकिनेछ ।

**बिक्री प्रबन्धकः**

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौं
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com